June 18, 2026

यो आकाशवाणी हो।

**मुख्य समाचार**

१. प्रधानमन्त्री द्वारा **भिभाटेक दुई हजार छब्बीस** शिखर सम्मेलनमा सम्बोधन

२. राष्ट्रपतिको आजदेखि **मध्य प्रदेश र ओडिशाको** पाँच दिने भ्रमण

३. सरकारले  पेट्रोल र डिजेलको पर्याप्त स्टक राखिएको दियो जानकारी

४. संयुक्त राज्य अमेरिका र इरानबीच ऐतिहासिक समझदारीपत्र भयो लागू अनि

५. फिफा विश्वकपमा, आज **चेकियाको दक्षिण अफ्रिकासँग** अनि **स्विट्जरल्याण्डको बोस्निया र हर्जगोभिना सँग** सामना

-------

PM France

पेरिसमा आयोजित **भिभाटेक दुई हजार छब्बीस** शिखर सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले डिजिटल भुक्तानी, वित्तीय समावेशीकरण, शिक्षा, स्वास्थ्य सेवा र कृषि जस्ता क्षेत्रहरूमा भारतको द्रुत प्रविधि-संचालित रूपान्तरणलाई प्रकाश पार्नुभयो। श्री मोदीले भारतले अन्तरिक्ष प्रविधि र आणविक ऊर्जामा उपलब्धिहरू मार्फत मानव क्षमताको सीमा विस्तार गरिरहेको बताउनुभयो। यसैगरी,

प्रधानमन्त्रीले आज पेरिसमा फ्रान्सेली उद्योगका अग्रणी नेताहरूसँग भेटघाट गर्नुभयो, जसमा उत्पादन, Artificial Intelligence, दिगोपन र समुद्री पूर्वाधारमा केन्द्रित छलफलहरू भए। बैठकहरू पछि आकाशवाणीसँग कुरा गर्दै, शीर्ष कार्यकारीहरूले भारतमा बढ्दो अवसरहरूमाथि प्रकाश पार्नुका साथै देशसँग गहिरो संलग्नताको योजना घोषणा गरे।

## Prez- MP & Odisha visit

राष्ट्रपति द्रौपदी मुर्मुले आज **मध्य प्रदेश र ओडिशाको** पाँच दिने भ्रमण सुरु गर्नुभएको छ। आफ्नो भ्रमणको पहिलो दिन उनी प्रजापिता **ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयद्वारा** आयोजित **"आध्यात्मिक जागरण मार्फत आदिवासी समुदायको सशक्तिकरण"** शीर्षकको कार्यक्रममा भाग लिन **बेतुल** आइपुग्नुभएको छ। राष्ट्रपतिले भेलालाई सम्बोधन गर्दै आदिवासी समुदायलाई सशक्त बनाउने उद्देश्यले आयोजित सम्मेलन यस क्षेत्रका लागि मात्र नभई सम्पूर्ण देश र समाजका लागि महत्त्वपूर्ण रहेको बताउनुभयो। राष्ट्रपति भोलि दिउँसो ओडिशाको भ्रमणमा जानुहुनेछ। उहाँ **मयूरभञ्ज जिल्लाको रैरंगपुरको** भ्रमणको क्रममा, एम्स भुवनेश्वरद्वारा आयोजित स्वास्थ्य शिविरमा भाग लिनुका साथै लाभार्थीहरू र डाक्टरहरूसँग अन्तरक्रिया गर्नुहुनेछ।

## Amit Shah- US Ambassador

गृहमन्त्री **अमित शाहले** आज नयाँ दिल्लीमा भारतका लागि **संयुक्त राज्य अमेरिकाका राजदूत सर्जियो**

**गोरसँग** भेट गर्नुभयो। श्री गोरले सामाजिक सञ्जाल पोस्टमा, दुई नेताले आतंकवाद विरुद्ध लड्न, लागूपदार्थ र अवैध लागूऔषधबाट नागरिकहरूलाई जोगाउन, सीमा सुरक्षित गर्न र अपराधीहरूलाई न्यायको कठघरामा ल्याउने कुरा सुनिश्चित गर्न दुई देशबीचको सहकार्यलाई सुदृढ पार्ने विषयमा फलदायी छलफल भएको बताउनुभयो।

## Rural roads

केन्द्र सरकारले आर्थिक वर्ष **दुई हजार छब्बीस-सत्ताईसमा छब्बीस हजार** किलोमिटरभन्दा बढी ग्रामीण सडकहरू निर्माण गर्नेछ। ग्रामीण विकास मन्त्रालयका अनुसार, प्रधानमन्त्री ग्राम सडक योजना र सम्बन्धित ग्रामीण सम्पर्क पहलहरू अन्तर्गत ग्रामीण सडकहरूको निर्माणको लागि **अठाह्र हजार नौ सय करोड** रुपैयाँभन्दा बढी छुट्याइएको छ। ग्रामीण सडक सम्पर्क परियोजनाहरूको प्रगति मूल्याङ्कन गर्न उच्चस्तरीय समीक्षा बैठक आयोजना गरिएको थियो। बैठकको अध्यक्षता ग्रामीण विकास विभागका सचिव रोहित कंसलले गरेका थिए। बैठकमा **आन्ध्र प्रदेश, बिहार, छत्तीसगढ, झारखण्ड, मध्य प्रदेश, महाराष्ट्र, राजस्थानलगायत** धेरै राज्यका वरिष्ठ अधिकारीहरूले भाग लिएका थिए। सचिवले बाँकी रहेका सबै सम्पर्कविहीन बस्तीहरूलाई सम्पर्क प्रदान गर्न विशेष जोड दिए।

## Dharmendra Pradhan

केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानले आइतबार हुने NEET-UG पुन: परीक्षाको तयारीको मूल्याङ्कन

गर्न आज उच्चस्तरीय समीक्षा बैठकको अध्यक्षता गर्नुभयो। मन्त्रीले परीक्षा प्रक्रियामा इमानदारी, पारदर्शिता र दक्षताको उच्चतम मापदण्ड कायम राख्नुपर्ने आवश्यकतामा जोड दिनुभयो। उहाँले सबै सम्बन्धित अधिकारीहरूलाई सतर्क रहन र पुन: परीक्षाको स्वतन्त्र र निष्पक्ष सञ्चालनको लागि आवश्यक सबै व्यवस्था सुनिश्चित गर्न निर्देशन दिनुभयो।

## LPG

सरकारले सबै रिफाइनरीहरू पर्याप्त कच्चा तेलको भण्डारसहित उच्च क्षमतामा सञ्चालनमा भएको र पेट्रोल र डिजेलको पर्याप्त स्टक राखिएको जानकारी दिएको छ। पश्चिम एसियामा हालैका विकासक्रमहरूमा आज नयाँ दिल्लीमा अन्तर-मन्त्रीस्तरीय ब्रीफिंगलाई सम्बोधन गर्दै पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयकी सहसचिव **सुजाता शर्माले** विगत तीन दिनमा **एक लाख छत्तीस हजार करोड** एलपीजी सिलिन्डर बुकिङ प्राप्त भएको छ भने **एक लाख सर्तालीस हजार करोड** सिलिन्डर प्रदान गरिएको बताउनुभयो।

## Kiren Rijiju- Haj

अल्पसंख्यक मामिला मन्त्री किरेन रिजिजुले आज नयाँ दिल्लीमा **हज समीक्षा बैठक दुई हजार सत्ताइस** को अध्यक्षता गर्नुभयो। उहाँले समीक्षा बैठकपछि सञ्चारकर्मीलाई जानकारी दिँदै हज **दुई हजार छब्बीस** भारतको इतिहासमा सबैभन्दा सफल हज भएको बताउनुभयो। उहाँले भारतले हज **दुई हजार छब्बीस** को लागि साउदी अरेबियाको हज र उमराह मन्त्रालयबाट दुई **लब्बेतुम पुरस्कार** प्राप्त गरेको र सरकारले हज **दुई हजार सत्ताइस** को लागि चाँडै नयाँ हज नीति घोषणा गर्ने उल्लेख गर्नुभयो।

## US-Iran MoU

संयुक्त राज्य अमेरिका र इरानबीचको एक ऐतिहासिक समझदारीपत्र लागू भएको छ। यसले लगभग चार महिनादेखि चलिरहेको प्रत्यक्ष द्वन्द्वलाई तत्काल अन्त्य गर्दै व्यापक शान्ति सम्झौताको लागि वार्ताको लागि साठी दिनको समयसीमा खोलेको छ। स्विट्जरल्याण्डमा योजनाबद्ध बैठक अघि इलेक्ट्रोनिक रूपमा हस्ताक्षर गरिएको चौध-बुँदे सम्झौताले तत्काल युद्धविराम स्थापना गर्दै, दुवै पक्षलाई शत्रुतापूर्ण कार्यहरूबाट टाढा रहन प्रतिबद्ध गर्नुका साथै, इरानको आणविक कार्यक्रम र क्षेत्रीय सुरक्षा मुद्दाहरूमा लामो समयदेखि चलिरहेको विवादहरूलाई सम्बोधन गर्न एक रूपरेखा प्रस्तुत गर्दछ। सम्झौता अन्तर्गत, संयुक्त राज्य अमेरिकाले इरान वरिपरिको आफ्नो नौसेना नाकाबन्दी हटाउन सुरु गर्नेछ र तीस दिन भित्र स्ट्रेट अफ होर्मुजमा सामान्य समुद्री यातायात पुनर्स्थापित गर्न काम गर्नेछ।

## Hockey-India

हक्कीमा, **भारतले आज** उरुग्वेलाई तीन-दुईले पराजित गर्दै लगातार तेस्रो जित दर्ता गरेको छ। तीन खेलमा तीन जितका साथ, भारत पूल ए को शीर्ष स्थानमा रहँदै सेमिफाइनलमा प्रवेश गरेको छ। भारतले शनिबार, **चिली र कोरिया** बीचको खेलको विजेतासँग सामना गर्नेछ।

## FIFA

फिफा विश्वकप **दुई हजार छब्बीस** मा, आज राति संयुक्त राज्य अमेरिकाको एटलान्टा स्टेडियममा समूह ए मा, **चेकियाले दक्षिण अफ्रिकाको** सामना गर्नेछ। खेल भारतीय समय अनुसार राति **नौ तीस बजे** सुरु

हुनेछ। यसलगायत, संयुक्त राज्य अमेरिकाको लस एन्जलस स्टेडियममा समूह बी को खेलमा राति **बाह्र तीस बजे स्विट्जरल्याण्डले बोस्निया र हर्जगोभिनाको** सामना गर्नेछ।

आकाशवाणीबाट समाचार पूरा भयो।